STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागुन २१ गते शनिबार ❑ 5 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## संविधानप्रदत्त अधिकारको कार्यान्वयनमा जोड : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, २० फागुन**



गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले संविधानले सुनिश्चित गरेका मौलिक अधिकारको कार्यान्वयनमा जोड दिनुपर्ने बताउनुभएको छ।

राष्ट्रिय मानवअधिकार आयोग नेपाल गण्डकी प्रदेशद्वारा पोखरामा शुक्रबार आयोजित मानव अधिकार रक्षक प्रादेशिक सम्मेलनको उद्घाटन गर्दै उहाँले अधिकारका बारेमा विकट बस्तीका जनताले प्रत्याभूति गर्न पाउनुपर्ने बताउनुभयो। भौगोलिक विकटताका कारण जन्मसिद्ध अधिकारबाटसमेत बञ्चित दुरदराजका बासिन्दालाई मानवअधिकार रक्षकले आम जनताको घरघरमा पुगेर उनीहरुलाई सचेत गराउनुपर्ने बताउँदै उहाँले त्यसका लागि तीनै तहका सरकार जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो। कानूनप्रदत्त अधिकार बौद्धिक र सम्पन्न व्यक्तिले मात्र नभई दुर्गम ग्रामीण बस्तीसम्म उपयोग गर्नेतर्फ आयोगको दृष्टि पुगनुपर्नेमा जोड दिँदै प्रदेश प्रमुख गुरुङले मानवीय सेवा र अधिकारका हकमा सञ्चार एवं सामाजिक सञ्जाल सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

राष्ट्रिय मानवअधिकार आयोगका केन्द्रीय अध्यक्ष तपबहादुर मगरले आयोगबाट गरिएकासिफारिसकोकार्यान्वयनमा सरकारले ढिलाइ गरिरहेको बताउनुभयो। मानवअधिकार रक्षकको सुरक्षा राज्यको दायित्व भएको उहाँले बताउनुभयो। आयोगले यस किसिमका कार्यक्रम सातवटै प्रदेशमा गरिरहेको बताउँदै कार्यक्रमबाट प्राप्त सुझावलाई प्रतिवेदनका रुपमा तयार गरी सरकारलाई सिफारिस गरिने जानकारी दिनुभयो। गण्डकी प्रदेशका प्रमुख सचिव रविलाल पन्तलेप्रदेशसरकारमानवअधिकार कार्यान्वयनका लागि दृढ रहेको उल्लेख गर्दै प्रदेशलाई सडक मानवविहीन बनाउनुका साथै निःशुल्क रगतको व्यवस्थालगायतका काम गरेको बताउनुभयो।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका सचिव मुरारीप्रसाद खरेल, आयोगका प्रदेश प्रमुख चन्द्रकान्त चापागाईं, नेपाल बार एसोसियसनका केन्द्रीय उपाध्यक्ष सुरेन्द्र थापामगर, शान्तिका लागि नागरिक सञ्जाल कास्कीका अध्यक्ष बीना सिलवाल, गैरसरकारी महासङ्घ नेपालका अध्यक्ष रामप्रसाद सुवेदी, नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका महासचिव गोविन्द सुवेदी, मानवरक्षक सञ्जाल गण्डकी प्रदेशका अध्यक्ष इन्दिरा पौडेललगायतले मानव अधिकारको रक्षा गर्ने जिम्मेवारी समाजका सबै पक्ष र वर्गको रहेकामा जोड दिनुभयो।

## गण्डकीमा सञ्चारमैत्री कानुन ल्याइने - मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, २० फागुन**



गण्डकी प्रदेशका कानुन संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दुकुमार थापाले प्रदेशमा ल्याउन लागिएको कानुन सञ्चार क्षेत्र मैत्री हुने बताएका छन्। नेपाल प्रेस युनियन कास्कीद्वारा शुक्रबार आयोजित उत्कृष्ट सदस्य अवार्ड वितरण एवम् सम्मान कार्यक्रममा उहाँले सम्बद्ध पक्षसँग छलफल एवम् अन्तरक्रिया मार्फत कानुनलाई अन्तिम रुप प्रदान गरिने बताए।

समाजका सत्य तथ्य ल्याउने पत्रकारिता क्षेत्र आफैँमा मर्यादित तथा विश्वसनीय हुनुपर्नेमा जोड दिँदै उनले प्रेस युनियन कास्कीले सञ्चालन गरिरहेको आधार भुत पत्रकारिता तालिमले यस क्षेत्रमा दक्ष जनशक्ति ल्याउन सहयोग गर्ने विश्वास व्यक्त गरे। कार्यक्रममा मन्त्री थापाले उत्कृष्ट सदस्य अवार्डबाट विजय नेपाली र गण्डकी प्रदेश प्रमुखका प्रेस संयोजक माधव रेग्मीलाई सम्मान गरेका थिए। नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष रमेश पौडेलले पत्रकारिता पेशालाई जिम्मेवार र व्यवसायिक बनाउन सकेमा मात्र आम सर्वसाधारणको विश्वास यस क्षेत्रले जित्न सक्ने बताए। प्रेस युनियन कास्कीले सञ्चालन गरिरहेको आधारभुत पत्रकारिता तालिमका सहभागीलाई तालिमका उपलब्धि व्यवहारमा उतार्न उनले आग्रह गरे। नेपाली कांग्रेस कास्कीका कोषाध्यक्ष माइकल कर्माचार्यले समाचार सत्य लतथ्यमा आधारित हुनुपर्ने बताउँदै त्यसले जिम्मेवार पत्रकारिता बढाउने बताए। नेपाल प्रेस युनियन कास्कीका अध्यक्ष नविन सिग्देलको अध्यक्षता एवम् सचिव प्रदिप पौडेलले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष प्रकाशचन्द्र सापकोटाले स्वागत गरे। कार्यक्रममा कांग्रेस नेता गणेशबहादुर भट्टराई, नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य टंकराज अधिकारी, युनियन कास्कीका सल्लाहकार राजबहादुर गुरुङ, सम्मानित व्यक्तित्वद्वय विजय नेपाली, माधव रेग्मी, रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेल लगायतले पत्रकारिता क्षेत्रको महत्व लगायतमा बोलेका थिए।

## उत्तेजनाको राजनीति घातक: महामन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, २० फागुन**



नेपाली कांग्रेसका महमन्त्री गगनकुमार थापाले उत्तेजनाको राजनीति देश र समाजका लागि घातक हुने बताउनुभएको छ।

नेपाली कांग्रेस मादी गाउँपालिका कार्यसमिति कास्कीद्वारा आयोजित दुई दिवसीय अगुवा कार्यकर्ता भेलाको उद्घाटन गर्दै उहाँले कम्युनिष्ट उत्तेजनाको राजनीति गरिरहेको बताउनुभयो। एमसिसी सम्झौतामा कम्युनिष्टले दोहोरो भूमिका खेलेर जनतालाई उत्तेजित बनाएको उल्लेख गर्दै उहाँले कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले यति ठूलो परियोजनामा सबैलाई मिलाउन सफल बनेको बताउनुभयो।

महमन्त्री थापाले जनताबीच कांग्रेसको परिचय फरक रहेको उल्लेख गर्दै कांग्रेसले सधैँ उत्तेजना फैलाउने नभई चेतना फैलाउने, भड्काउने नभई मिलाउने जस्ता चरित्र देखाउँदै आएको बताउनुभयो।

आसन्न निर्वाचनका लागि पार्टी सङ्गठनलाई मजबुद बनाउँदै अघि बढ्न आग्रह गर्दै उहाँले भन्नुभयो, "कांग्रेससँग अहिले १०० जनामा ३३ जना मतदाता छन्, यसलाई बढाएर ४५ भन्दामाथि पुऱ्याउनुछ।" महामन्त्री थापाले उम्मेदवार टुङ्ग्याउने जिम्मा महानगरको हकमा नगर र जिल्लाको सिफारिसमा केन्द्रले टुङ्ग्याउने र अन्यका हकमा प्रदेश, नगर, क्षेत्र र जिल्लाले टुङ्ग्याउने गरी कार्यविधि केन्द्रले ल्याउने जानकारी दिनुभयो। आगामी निर्वाचनमा ठूलो वा सानो जोसुकै नेता भए पनि उसले आफ्नो टोललाई सम्हाल्ने जिम्मा लिनुपर्ने उहाँले बताउनुभयो।

नेपाली कांग्रेस मादी गाउँपालिका सभापति यामबहादुर गुरुङको सभापतित्वमा सम्पन्न कार्यक्रममा केन्द्रीय सदस्य गुरु बराल, पार्टीका गण्डकी प्रदेश सभापति शुक्रराज शर्मा, पूर्वमन्त्री यज्ञबहादुर थापा, कांग्रेस नेत्री कोपिला राणाभाट, कृष्णचन्द्र बराललगायतले आसन्न निर्वाचनमा कांग्रेसलाई पहिलो पार्टीकारुपमा स्थापित गर्नेगरी अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

## सामाजिक सञ्जालमा तस्बिर र भिडियो दुरुपयोग भए खबर गर्न गृहको अनुरोध

**रासस**
**काठमाडौं, २० फागुन**

गृह मन्त्रालयले सुरक्षा निकायका तस्बीर तथा भिडियो दुरुपयोग गरी भ्रामक एवं झुटा शीर्षक राखी सम्पादित सामग्री सामाजिक सञ्जालमा राख्ने विरुद्ध कारबाही हुने जनाएको छ।

यस्ता गतिविधिले समाजमा उत्तेजना र अफवाह फैलाउने, सामाजिक सद्भावमा खलल पुऱ्याउने भन्दै मन्त्रालयले यस्ता गतिविधि गरेको पाइएमा नजिकको प्रहरी वा प्रशासन कार्यालयमा खबर गर्न सर्वसाधारणमा आग्रह गरेको छ। मन्त्रालयले आज एक विज्ञप्ति जारी गरी प्रविधिको प्रयोग गरी युट्युब, टिकटकलगायत सामाजिक सञ्जालमा भ्रामक एवं झुटा क्याप्सन राखी नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागसँग सम्बन्धीका भिडियो तथा तस्बीरहरू राखी प्रकाशन तथा शेयर गरी आफबाह फैलाउने प्रवृत्ति देखिएको जनाएको छ।

मन्त्रालयले त्यस्ता व्यक्तिलाई विद्युतीय कारोबार ऐन २०६३ को दफा ४७ अन्तर्गतको कसुरमा प्रचलित कानुन बमोजिम कारबाही हुने चेतावनी दिएको छ।

यसैबीच मन्त्रालयले विसं २०७९ मा हुने बिदाका सम्बन्धमा विभिन्न सञ्चार माध्यमबाट प्रकाशन भएका भ्रामक समाचारप्रति ध्यानाकर्षण भएको जनाएको छ। मन्त्रालयले शुक्रबार एक विज्ञप्ति जारी गरी नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयमा नेपाल राजपत्रमा सूचना प्रकाशित सार्वजनिक बिदा नै आधिकारिक हुने भएकाले भ्रामक समाचारप्रति विश्वास नगर्न अनुरोध गरेको छ।


## माओवादी केन्द्रीय समितिको बैठक सुरु

**रासस**
**काठमाडौं, २० फागुन**

सत्तारुढ दल नेकपा (माओवादी केन्द्र)को बहुप्रतिक्षित केन्द्रीय समितिको बैठक शुक्रबारदेखि सुरु भएको छ।

बैठकमा समसामयिक राजनीतिक विषय, हालै प्रतिनिधिसभाबाट पारित भएको अमेरिकी सहयोग सम्झौता एमसिसी, पार्टीका नेताहरुको पद विभाजन लगायतका विषयमा छलफल गर्ने कार्यसूची रहेको छ। शुक्रबारको बैठकमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले एमसिसीको सम्बन्धमा पछिल्लो पटक आफूले लिएको निर्णय देश र जनताको हितमा रहेको बताउनुभयो। प्रतिमगन विरुद्धको अभियानका क्रममा गठन भएको गठबन्धनसमेत टुट्ने अवस्था आएपछि एमसिसीका सम्बन्धमा व्याख्यात्मक घोषणा गरी भए पनि सहमति जुटाएको र देशलाई जोगाउन सफल भएको उहाँको भनाइ थियो।

अध्यक्ष प्रचण्डले माओवादी परिमार्जन विना एमसिसी पास गर्ने पक्षमा नभए पनि गठबन्धनलाई जोगाउनका लागि व्याख्यात्मक घोषणा गर्न सहमत भएको एवं एमाले र सो पार्टीका अध्यक्ष केपी ओलीको चाहना गठबन्धन भत्काउनेतर्फ केन्द्रित भएकाले त्यसलाई रोकिएको स्पष्ट पार्नुभयो। एमसिसीका कारण गठबन्धनभित्र विवाद भए पनि त्यसलाई अन्तिममा मिलाइएको र गठबन्धन जोगिएको अध्यक्ष प्रचण्डको भनाइ रहेको थियो। व्याख्यात्मक घोषणासहितको एमसिसी अमेरिकाले स्वीकार गरेको दाबी गर्दै उहाँले कार्यान्वयनको क्रममा कुनै समस्या देखिए त्यसलाई सूचना दिएर एकतर्फी रुपमा खारेज गर्न सकिने धारणा राख्नुभयो। 'नेपालको सार्वभौमिकतालाई कमजोर पार्ने कुनै पनि व्यवस्था र प्रावधान स्वीकार्न सकिँदैन। प्राकृतिक स्रोतसाधन नेपालको बाहेक अरुको हुन सक्दैन। लेखापरीक्षण लगायतका विषय नेपालले नै गर्न पाउनुपर्छ भन्नेमा हामी सहमत छौँ', उहाँले भन्नुभयो। माओवादी बिनै एमसिसी पारित गर्नका लागि सभामुखलाई महाभियोग लगाउने तयारी भएकाले आफूहरु व्याख्यात्मक घोषणाका लागि तयार भएको उहाँको भनाइ थियो। व्याख्यात्मक टिप्पणीबारे विज्ञहरुसँग पनि लामो छलफल गरेको स्मरण गर्दै अन्तर्राष्ट्रिय सम्बन्धका जानकारले दिएको सुझावका आधारमा निष्कर्ष निकालिएको अध्यक्ष प्रचण्डको भनाइ थियो। शान्ति प्रक्रिया टुङ्गिएको अवस्था भएको भए एमसिसीका बारेमा फरक प्रकारको निर्णय लिन सकिने अवस्था आउने उल्लेख गर्दै अध्यक्ष प्रचण्डले शान्ति प्रक्रियालाई टुङ्गोमा पुग्न नदिन अझै पनि षड्यन्त्र भइरहेको बताउनुभयो। बैठकमा माओवादीका वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले पार्टी निर्णय विपरीत गएर एमसिसी सम्झौता अनुमोदन गर्दा त्यसबाट राम्रो प्रभाव नपरेको धारणा राख्नुभयो। उहाँले एमसिसीका सम्बन्धमा गरिएको निर्णयले पार्टीलाई क्षति पुऱ्याउने बताउनुभयो। नेता श्रेष्ठले पार्टी कठिन मोडमा पुगेको भन्दै यस्तो बेला सोच विचारपूर्ण निर्णय गर्नुपर्ने उल्लेख गर्नुभयो। बैठकमा पार्टी निर्णय विपरीत एमसिसी अनुमोदन गरिएको भन्दै केही नेताले फरक मत राख्नुभएको छ। माओवादीको केन्द्रीय समितिको अर्को बैठक आगामी आइतबार बस्ने गरी स्थगित भएको छ। आइतबारसम्म थप तयारी गरेर आगामी कार्यदिशा तय गरिने माओवादी नेतृत्वले जनाएको छ।



# पोखरा १६ बाटुलेचौर स्थित गन्दर्भ आमा समूहलाई मन्त्री थापाको सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, २० फागुन**

गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाले पोखरा १६ स्थित गन्दर्भ आमा समूहलाई सहयोग सामाग्री हस्तान्तरण गर्नुभएको छ।

शुक्रबार एक कार्यक्रमका बीच आमा समूहलाई आवश्यक सहयोग सामाग्री हस्तान्तरण गर्नुभएको हो। मन्त्री थापाले गण्डकी प्रदेश सरकारको प्रदेश सभा सदस्य (सांसद) हुँदादेखि नै आफुले पाउने पारिश्रमिक/तलब,भत्ता बापत प्राप्त गरेको रकम सामाजिक कार्यमा खर्च गर्दै आउनुभएको छ। सो क्रम कानून,संचार तथा प्रदेश सभा मामिला मन्त्री भएपश्चात पनि जारी छ।



कार्यक्रममा बोल्दै मन्त्री थापाले आफुले पाउने तलब सुविधाबाट गन्दर्भ आमा समूहलाई आवश्यक सामाग्री सहयोग गर्न पाउँदा खुशी लागेको बताउनुभयो । उहाँले संगीत क्षेत्रमा गन्दर्भ समुदायको भूमिका उल्लेखनिय रहेको उल्लेख गर्नुभयो। 'गण्डकी प्रदेश कला संस्कृतिको धनि प्रदेश । जसलाई संरक्षण गर्नुपर्ने दायित्व हामी सबैको हो।

संस्कृतिको जर्गेना गर्ने सवालमा गन्दर्भ समुदायको सक्रियता देख्दा खुशी लागेको छ ।', उहाँले भन्नुभयो । मन्त्री थापाले पोखरा १६ बाटुलेचौर स्थित गन्दर्भ टोलमा देखिएका रोजगारी देखि भौतिक पूर्वाधार विकासका समस्यालाई समाधान गर्न आफु प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले आफु गन्दर्भ समुदायको साथमा नै रहेको उल्लेख गर्नुभयो । नेपाली काँग्रेस गन्दर्भ समुदायको दुख बुझ्ने पार्टी भएकाले सकरात्मक भावना स्वरुप पार्टी हित अनुसारको कर्ममा लाग्न मन्त्री थापाको आग्रह छ। सहयोग सामाग्री हस्तान्तरण पछि नेपाली काँग्रेस गन्दर्भ टोल विकास समिति गठन कार्यक्रममा बोल्दै मन्त्री थापाले काँग्रेस दुखमा सुखमा गन्दर्भ समुदायसँगै रहेको उल्लेख गर्नुभयो। उहाँले आगामी तीनै तहको निर्वाचनमा काँग्रेसलाई जिताउने गरी लाग्न हरेक टोल समितिको सक्रियता महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो।

# फेन्सिङ खेलाडीलाई सिल्ड ल्याउन राखेप सदस्यको शुभकामना

**पोखरापत्र संवाददाता**
**पोखरा, २० फागुन**

नेपाल फेन्सीङ संघ तथा वीर गणेशमान सिंह स्पोर्टस् कमिटिको आयोजनामा वीर गणेशमान सिंह राष्ट्रिय फेन्सिङ प्रतियोगिता २०७८ मा भाग लिन कास्कीका खेलाडी शुक्रबार काठमाडौ प्रस्थान गरेका छन्।

खेलाडीहरुलाई विदाई गर्दै राष्ट्रिय खेलकुद परिषद्का सदस्य राजेश गुरुङले अनुशासित भएर प्रतिस्पर्धामा उत्रिन तथा सिल्ड ल्याउन शुभकामना व्यक्त गर्दै खेलाडी र अफिसियल गरि



२५ जनालाई फर्किदाँ मनकामना माताको दर्शन गरेर आउन मनकामना केबलकारको टिकट व्यवस्थापन गर्ने वताउनु भयो।

फेन्सिङ संघ कास्कीका अध्यक्ष बिजय शाही अफिसियलमा, प्रशिक्षकहरु रेखमाया गुरुङ र छवि गुरुङ, रेफ्रि सन्जिव वराल, व्यवस्थापक निसान कार्की र चिजा गुरुङ लगाएत १९ जना खेलाडी सहभागी हुने संघका सल्लाहकार कृष्ण रानाभाटले बताए।

# प्रेस चौतारी गण्डकीमा इन्द्र

**पोखरापत्र संवाददाता**
**पोखरा, २० फागुन**

न े क पा एमालेनिकट पत्रकारको संगठन प्रेस चौतारी नेपाल गण्डकी प्रदेशको अध्यक्षमा इन्द्र पौडेल चुनिएका छन्। बिहीबार भएको अधिवेशनले पौडेलको नेतृत्वमा प्रदेश कमिटी चयन भएको हो।

अधिवेशनबाट उपाध्यक्षमा उमाकान्त शर्मा र रोशनी गुरुङ, महासचिवमा आश गुरुङ, सचिवमा कमल सुवेदी र गोपाल जिटी र कोषाध्यक्षमा भविश्वर पाण्डे सर्वसम्मत चयन भएका हुन् । प्रेस चौतारीले बिहीबार गण्डकी र कर्णाली प्रदेशमा पहिलो अधिवेशन गरेको थियो।



सदस्यहरुमा गिता राना मगर, रञ्जिता शर्मा, गौरव त्रिपाठी, कृष्ण किसान, वालकृष्ण सुवेदी, एकराज गिरी, समर रानाभाट, शालिकराम भट्टराई, रोशन लामिछाने, अमीर सुवेदी, डिलबहादुर विक, राजन पौडेल, सुजन न्यौपाने, आइतेलाल थकाली, विकास विक, उद्धव कुमाल, कुमार पौडेल, वसन्त अधिकारी, सागर गिरी, राजकुमार श्रेष्ठ, ध्रुवराज सुवेदी, मदन तिमिल्सिना, शर्मिला विक, राजन उपाध्याय, युवराज गुरुङ, खिमा गुरुङ, सिर्जना बराल, गणेश श्रेष्ठ, राजन खरेल, निरज थकाली, दीपक पौडेल, राजाराम पौडेल, अनुज अधिकारी, कृष्णराज अचार्य, लक्ष्मीनारायण देवकोटा, निर्भीकनारायण भुर्तेल र कृष्ण कँडेल निर्वाचित भएका छन्।

# वैशाखदेखि अवैध फोन नियन्त्रणमा आउने

**रासस**
**काठमाडौं, २० फागुन**

नेपाल दूरसञ्चार प्राधिकरणले आगामी वैशाखदेखि अवैध फोन नियन्त्रण गर्ने प्रविधि सञ्चालनमा ल्याउने जनाएको छ । प्राधिकरणको २४औं वार्षिकोत्सव समारोहमा प्राधिकरणका अध्यक्ष पुरुषोतम खनालले आगामी वैशाखदेखि नेपालमा सञ्चालित अवैध फोन नियन्त्रणमा ल्याउने प्रविधि सञ्चालनमा ल्याइने बताउनुभयो। प्राधिकरणले गत साउन १ गतेदेखि आंशिक रूपमा अवैध फोन नियन्त्रण गर्ने प्रविधि मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडिएमएस) लागू गरेको थियो। सो अवधिदेखि अवैध फोन नियन्त्रण गर्ने प्रविधि जडान गरे पनि पूर्ण रूपमा प्रविधि जडान हुन सकेको छैन । उहाँले एमडिएमएसका लागि आवश्यक पर्ने सफ्टवेयर आयात गरी जडानको काम सम्पन्न भएको भन्दै वैशाख १ गतेदेखि सो प्रविधि सञ्चालनमा ल्याइने बताउनुभयो।

"सर्भिस प्रोभाइडर छनोट गरी हाल इम्पोटर मोडल सञ्चालनमा आइसकेको छ, अब कस्टम मोडल सञ्चालनको तयारीमा हामी छौँ, अब बाँकी केही काम सकेर वैशाखदेखि नै सञ्चालनमा ल्याउँछौँ", उहाँले भन्नुभयो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा बैकुष्ठ अर्यालले प्राधिकरणले एमडिएमएस जडानका लागि धेरै भाका (जडानको समय) सार्ने गरेको बताउनुभयो । "एमडिएमएस लागू गर्ने भाका धेरै सार्नुभयो, अब भाका नसारी छिटो अवैध फोन नियन्त्रणमा ल्याउनेतर्फ लाग्नुस्", उहाँले अध्यक्ष खनाललाई भन्नुभयो।

ए म डि ए म ए स का सफ्टवेयर तथा हार्डवेयर राख्न प्राधिकरणले चाबहिलमा भवन निर्माण गरेको छ। निर्माणाधीन भवन प्राधिकरणलाई हस्तान्तरण भएसँगै एमडिएमएसका सम्पूर्ण कार्य सोही स्थानबाट हुने प्राधिकरणले जनाएको छ । एमडिएम सिस्टमले कर प्रणाली छलेका, नक्कल गरिएका र चोरीका मोबाइल दूरसञ्चार सेवामा प्रयोग गर्न नमिल्ने काम गर्छ। प्राधिकरणले विसं २०७६ असारमा ६ महिनाभित्र उक्त सिष्टम जडान गर्न भन्दै ओएसआई कन्सल्टिङ प्रालि भारत र नमस्ते ग्लोबल कम प्रालि सिङ्गापुरको ज्वाइन्ट भेन्चर छनोट भएको थियो। उक्त कम्पनीलाई एमडिएमएस जडान गर्न ८० करोड बराबरको ठेक्का दिएको थियो । प्राधिकरणले २४औं वार्षिकोत्सवको अवसरमा एनटीए क्यूइए एप सार्वजनिक गरेको छ । मोबाइल सेवा गुणस्तरसम्बन्धी सर्वसाधारणलाई जानकारी दिनका लागि सो एप सार्वजनिक गरिएको जनाइएको छ। शुक्रबार सूचना तथा सञ्चार प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले उद्घाटन गर्नुभएसँगै प्राधिकरणले सो एप प्ले-स्टोरमा उपलब्ध भएको जनाएको छ।

एपमा प्रयोगकर्ता ३४५६७ सर्टकोड डायल गरी आइभीआर आधारित सर्वेक्षणमा र स्टार ३४५६७ ह्यास डायल गरी युएसएसडीमा आधारित सर्वेक्षणमा सहभागी हुन सक्नेछन् । साथै प्रयोगकर्ता वेबमा आधारित सेवाबाट समेत सर्वेक्षणमा सहभागी हुन सक्ने छन् । वार्षिकोत्सवको अवसरमा प्राधिकरणमा २० वर्ष काम गर्नुभएका दुई निर्देशकलाई दीर्घ सेवा पदक वितरण गरिएको छ। विसं २०५८ मा प्राधिकरणमा प्रवेश गरी २० वर्ष सेवा काम गरिसकेको भन्दै प्राधिकरणका निर्देशक सन्तोष पौडेल र डा सुरेन्द्र लालहाडालाई सो पदक दिइएको हो।

वर्षभरिको उत्कृष्ट कर्मचारी अवार्ड प्राधिकरणका सहायक निर्देशक सगुन श्रेष्ठलाई दिइएको छ । उहाँलाई नगद रु १५ हजारसँगै दुई ग्रेड वृद्धि गरिएको छ।

# करेन्ट लागेर वडासदस्यको मृत्यु

**पोखरापत्र संवाददाता**
**तनहुँ, २० फागुन**

तनहुँमा करेन्ट लागेर शुक्रबार वडासदस्य ६८ वर्षीय ओमबहादुर नेपालीको मृत्यु भएको छ।

नेपाली कांग्रेस व्यास नगरपालिका-१ का वडासदस्य नेपालीको खोलाबाट पानी तान्ने क्रममा करेन्ट लागेर मृत्यु भएको हो। छाब्दीखोलाबाट मोटरपम्प जोडेर पानी तान्ने सिलसिलामा अचानक करेन्ट लाग्दा नेपालीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक युवराज खड्काले जानकारी दिनुभयो। तरकारी बारीमा सिँचाइ गर्नका लागि छाब्दीखोलाबाट पानी तान्ने क्रममा करेन्ट लाग्दा नेपालीको मृत्यु भएको उहाँले बताउनुभयो।

नेपाली एक स्पष्टवक्ता, प्रजातन्त्रवादी, दलित मुक्तिका लागि सदा सङ्घर्षरत व्यक्तिको निधनले स्तब्ध बनाएको छिमेकी एवं आदिकवि भानुभक्त क्याम्पसका क्याम्पस प्रमुख महाप्रसाद हड्खलेले जानकारी दिनुभयो।

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको 'क्यालिब्रेशन फ्लाइट' सकियो

**रासस**
**काठमाडौं, २० फागुन**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग परीक्षणका लागि भइरहेको यान्त्रिक परीक्षण उडान अर्थात् 'क्यालिब्रेशन फ्लाइट' सम्पन्न भएको छ।

बिहीबार र शुक्रबार दुई दिन भएको उक्त फ्लाइटका कारण अन्य उडानहरु भने नियमित हुन सकेका थिएनन् । आज पनि दुई घण्टा उक्त क्यालिब्रेशन फ्लाइट भएको थियो । उक्त फ्लाइटका कारण आज पनि दुई घण्टा जहाज उडान तथा अवतरणमा केही समस्या भएको भए पनि अहिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको क्यालिब्रेशन फ्लाइट सकिएको विमानस्थलका निर्देशक प्रेमनाथ ठाकुरले बताउनुभयो । उहाँले भन्नुभयो, "क्यालिब्रेशन फ्लाइटका कारण केही समय जहाज अडान र अवतरणमा केही कठिनाइ भई आकासमै होल्ड गराएका थियौं, केही जहाज अवतरण गराएका थियौं, फ्लाइट सकियो, अब सिमरामा हुन्छ फ्लाइट ।" करिब दुई घण्टासम्म भएको उक्त क्यालिब्रेशन फ्लाइटका कारण आज बिहान ११:३० देखि १:३० बजेसम्म धेरै जहाज आकासमै होल्ड भएका थिए भने सो अवधिमा आन्तरिक तथा अन्तरर्ाष्ट्रिय उडान हुने जहाज आकासमै घुमिरहेका थिए । क्यालिब्रेशन फ्लाइट सकिएका कारण आकासमै होल्ड भएका जहाजहरु अहिले अवतरण भएका छन् भने आन्तरिक तथा अन्तर्राष्ट्रिय उडानहरु सञ्चालन भएको विमानस्थल कार्यालयले जनाएको छ । उक्त क्यालिब्रेशन फ्लाइट गर्नका लागि आएको जहाज अझै केही दिन नेपालमै रहने र केही दिनपछि समय हेरेर पुनः त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल क्यालिब्रेशन फ्लाइट गरिने निर्देशक ठाकुरले जानकारी दिनुभयो।

यसैगरी बिहीबार गरिएको क्यालिब्रेशन फ्लाइटका कारण पनि धेरै जहाज अकासमै होल्ड गरिएका थिए। सोही क्रममा कतार एअरवेजको एउटा जहाजले १७ पटकभन्दा धेरै ललितपुरमाथिको आकासमा फन्का लगाएपछि पुनः कतार फिर्ता भएको थियो । तर विमानस्थलले भने उक्त जहाज क्यालिब्रेशन फ्लाइटका कारण फिर्ता नभई आफ्नै कारणले फिर्ता भएको जनाएको छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# सबस्टेशन बन्द

पोखरापत्र संवाददाता
म्याग्दी, २० फागुन

बिग्रिएको ट्रान्सफर्मर मर्मत र परिवर्तन नहुँदा म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ घरापमा रहेको सबस्टेशन बन्द भएको छ।

विद्युत्को भार थेग्न नसकेपछि सो सबस्टेशनमा जडान भएको एकमात्र तीन एमबिए क्षमताको ट्रान्सफर्मर २०७८ जेठमा जलेको थियो । यहाँबाट म्याग्दीको अन्नपूर्ण गाउँपालिका र मुस्ताङमा केन्द्रीय लाइनको विद्युत् वितरण हुँदै आएको थियो । दुई मेगावाट क्षमताको तातोपानी साना जलविद्युत् आयोजना बन्द भएपछि १३.६ मेगावाट क्षमताको थापाखोला र पाँच मेगावाट क्षमताकोघलेम्दीखोलाजलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् ३३/११ केभीमा सिङ्क्रोलाइज (आन्तरिकीकरण) गरी घरापबाट राष्ट्रिय प्रसारणमा जोडिएको थियो । थापाखोलाको विद्युत् लाई चोखोपानी सबस्टेशनमा चार्ज गरिएको छ । घलेम्दीको बिजुलीलाईदानास्थितसबस्टेशनमा लगिएको छ । तातोपानी साना जलविद्युत् र सबस्टेशनका प्रमुख शिवप्रसाद नेपालले वैकल्पिक सबस्टेशनबाट विद्युत् वितरण गर्नुपरेको बताउनुभयो । "लामो समयको प्रयासपछि ६.८ एमबिए क्षमताको ट्रान्सफर्मर ल्याए पनि क्रेन नहुँदा त्यसलाई उचालेर चौकामा राखी जडान गर्न सकेका छैनौँ", उहाँले भन्नुभयो, "दानाको २२०/१३२ केभिए सबस्टेशनको ३३/११ केभिए सबलाइनबाट पर्वतको मिलनचोक सबस्टेशनबाट विद्युत् वितरण गरिएको छ।"

पुरानो र जीर्ण ३३/११ केभिए ट्रान्सफर्मर र प्रसारण लाइनमा बढी क्षमताको विद्युत् पठाइएकाले भार थेग्न नसकी ट्रिप (सबस्टेशनमा विद्युत् काटिने) समस्या थियो। सबस्टेशन बन्द भएपछि लामो दूरीमा वितरण गर्दा विद्युत् आपूर्ति अनियमित हुन थालेको अन्नपूर्ण-३ दानाका गङ्गा पुनले बताउनुभयो । दुईवटा जलविद्युत् आयोजना र बेनी-जोमसोम-कोरला सडक आयोजनाका अस्थायी क्रसरमा विद्युत् आपूर्तिमा समस्या आएको छ । घरापमा विसं २०४६ मा नेपाल विद्युत् प्राधिकरणले धवलागिरि क्षेत्रमै पहिलोपटक तातोपानी साना जलविद्युत् आयोजना निर्माण गरेर म्याग्दी, पर्वत, मुस्ताङ र बागलुङका बस्तीमा उज्यालो पुर्‍याएको थियो।

गत वर्षदेखि सञ्चालनमा आएको ४२ मेगावाट क्षमताको मिस्त्रीखोला जलविद्युत् आयोजनाले तातोपानी सानाको मुहानभन्दा माथि बाँध बानेर पानी लगेको छ।

खोला सुकेपछि हिउँदमा तातोपानी साना जलविद्युत् आयोजनाले विद्युत् उत्पादन गर्न सकेको छैन । नेपाल विद्युत् प्राधिकरणको स्वामित्वमा रहेको तातोपानी साना जलविद्युत् आयोजनाको ऐतिहासिक विरासत अन्त्य भएको छ। आयोजनाको विद्युत् गृहका टर्वाइन, जेनेरेटरलगायतका उपकरण मर्मत हुन नसक्दा १५ वर्षदेखि पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्न सकेको थिएन । पाँच सय किलोवाट मात्र विद्युत् उत्पादन हुने गरेको थियो । चारवटा टर्वाइन सामान्य मर्मत गरेपछि सञ्चालन गर्न सकिने अवस्थाका छन्।

# 'सरकार ! के गरेर खाम'

-कमल खत्री
बागलुङ, २० फागुन (रासस)

'सर्टिफिकेट छ डिग्री पासको
न त गासको न टुङ्गो बासको
मैले के गरेर खाम
देशमै भोकै बसम् की
खाडीतिर पसम् की
सरकार ! लौन निधो पाम...'
(पुरुष)

शैक्षिक प्रमाणपत्र धितो राखेर ऋण झिक्न गएका युवा र बैंकका कर्मचारीबीचको संवादबाट उठान भएको गीत 'सरकार ! के गरेर खाम' को पहिलो टुक्का हो, यो । बैंकले ऋण नपत्याएपछि ती बेरोजगार युवा सरकारसामु प्रश्न गर्छन्।

'पढेकी हूँ बेचेर खेतबारी
अहिले खान पुग्दैन पेटभरी
मैले के गरेर खाम...'
(महिला)

सर्टिफिकेट राखेर ऋण झिक्न पाइने सरकारी निर्णय सुनेर बैंकमा पुगेका युवालाई कर्मचारीले धितो/आयस्रोत नभई ऋण दिन नसकिने भन्दै रित्तो हात फर्काउँछन् । उल्टै सरकारसँग गएर ऋण माग्नु भनेर रुखो जवाफ लगाउँछन्।

गीतमा प्रयुक्त संवादले शैक्षिक कर्जा कार्यान्वयनमा देखिएको सकसलाईसमेत दर्शाउँछ। यसरी देशमै स्वरोजगार बन्नबाट वञ्चित शिक्षित युवाको मनोदशा र त्यसले उब्जाएका प्रश्न गीतमा मुखरित छन्। गीतको रचना गर्भ पनि यही हो। सिर्जना गर्दा जहिल्यै जनजीवनका मुद्दा रोज्ने लोकगायक विष्णु खत्री र गायिका सजना बास्तोलाद्वारा स्वरबद्ध यस गीत युट्युबमा सार्वजनिक भएको भर्खर २४ घण्टा बितेको छ। 'विष्णु खत्री' युट्युब च्यानलबाट सार्वजनिक गीतको म्यूजिक भिडियोले विस्तारै 'भ्यूज' पनि बटुल्दै छ।

सर्जक तथा गायक खत्रीले गीतको मार्फत् नेपालमा व्याप्त शैक्षिक बेरोजगारीको समस्यालाई उजागर गर्न खोजिएको बताउनुभयो । "नागरिकलाई गास, बास, कपास, स्वास्थ्य, शिक्षा र रोजगारी दिलाउनु सरकारको दायित्व हो", उहाँले भन्नुभयो, "यिनै मुद्दामा गीत लक्षित छ, कोही बेरोजगार नहोस्, उत्पीडनमा पर्नु नपरोस्, राज्यले अभिभावकत्व लिइदिओस् ।" स्वदेशमा रोजगारीको अभावले अहिले पनि दैनिक सयौँ नेपाली युवा विदेश भौँतारिनुपर्ने स्थिति छ । शैक्षिक जनशक्ति पलायन पनि उत्तिकै छ। समृद्ध, समुन्नत र न्यायपूर्ण समाज र देश निर्माणमा पनि गीतले सिर्जनात्मक खबरदारी गरेको लोकगायक खत्रीले सुनाउनुभयो । म्यूजिक भिडियोमा कलाकार विनोद न्यौपाने र जुना सुन्दासले गरेको अभिनयले गीतबाट दिन खोजेको सन्देशलाई सरल तर कलात्मक ढङ्गले प्रस्तुत गरेको छ। लोकसङ्गीत क्षेत्रका चर्चित गायक/सर्जक खत्रीका यसअघि पनि सामाजिक विषयवस्तुमा आधारित कैयन गीत सार्वजनिक भइसकेका छन्।

उहाँका 'भरिया दाइ', 'अन्तरजातिय विवाह', 'कि सास चाहियो, कि लास चाहियो', 'जम्मु कश्मिरमा', 'किसानी दाइ', 'आमा म मरेको छैन' लगायतका गीत स्रोता/दर्शकमाझ लोकप्रिय छन् । जिल्लाको गलकोट नगरपालिका-७ मल्ममा जन्मनुभएका खत्री दुई दशकदेखि लोकसङ्गीतमा सक्रिय हुनुहुन्छ।

# ज्यामरुककोत पुग्न दुईतर्फी पदमार्ग

पोखरापत्र संवाददाता
म्याग्दी, २० फागुन

म्याग्दीको बेनी नगरपालिका-२ मा पर्ने करिब छ सय वर्ष पुरानो इतिहास र सम्पदाको साक्षी बनेर रहेको ज्यामरुककोत पुग्नका लागि भकुण्डे र कन्थराजथानबाट दुईतर्फी पदमार्ग निर्माण गरिएको छ। पदमार्ग र प्रवेशद्वार लगायतका पूर्वाधार निर्माण हुन थालेपछि ज्यामरुककोतस्थित खड्गभवानी परिसर सबैको आकर्षणको केन्द्रविन्दु बन्दै गएको छ।

यहाँ विगत दुई वर्षयता धमाधम विकासका पूर्वाधारहरु निर्माण भइरहेका छन्। बेनी नगरपालिका, गण्डकी प्रदेश सरकार र खड्गभवानीकोत व्यवस्थापन समितिको संयुक्त पहलमा पदमार्ग निर्माण, प्रवेशद्वार निर्माण, घेराबार, विभिन्न देवीदेवताका मन्दिर निर्माण, टेलिकमको फोर जी टावर निर्माण लगायतका पूर्वाधारहरु निर्माण भएपछि पहिला पहिला सुनसान देखिने यो स्थल यहीले सबैलाई आकर्षित गर्न सफल भएको छ। भकुण्डेदेखि खड्गभवानीकोत जोड्ने पक्की सिँढीसहितको २५० मिटर पदमार्ग निर्माण गरिएको हो। गण्डकी प्रदेशको उद्योग वन, वातावरण तथा पर्यटन मन्त्रालय र बेनी नगरपालिकाको आर्थिक सहयोग तथा स्थानीयवासीको सक्रियतामा उकालो बाटोमा ३५३ सिँढीसहितको पदमार्ग निर्माण भएपछि ऐतिहासिक, धार्मिक तथा पर्यटकीयस्थल खड्ग भवानीकोत पुग्न सहज भएको छ । आव २०७५/७६ मा मन्त्रालयअन्तर्गतको भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतमार्फत प्राप्त रु १४ लाख ९९ हजार ४८६ र उपभोक्ताको रु तीन लाख २१ हजार बराबरको श्रमदानमा उक्त पदमार्ग निर्माण भएको बेनी -२ का वडाध्यक्ष हीराबहादुर थापाले जानकारीदिनुभयो । पदमार्ग निर्माण तथा उपभोक्ता समितिका अध्यक्ष ओमबहादुर विकले दुई मिटर फराकिलो पदमार्गको १९० मिटर दूरीमा फलामको रेलिङ राखिएको बताउनुभयो । पदमार्ग निर्माण भएपछि उकालो बाटोमा सहज र सुरक्षित रुपमा हिँडडुल गर्न सकिनाका साथै पर्यटकको समेत आवागमन बढ्ने स्थानीयवासी हरि घिमिरेले विश्वास गर्नुभयो । यसैगरी कन्थराज थानदेखि खड्गभवानीकोतसम्म जाने २४० मिटर पदमार्ग पनि निर्माण गरिएको छ । प्रदेश सरकारको आर्थिक लगानीमा सो पदमार्ग निर्माण भएपछि अब दुईतिरबाट नै खड्गवानीकोतमा पुग्न सजिलो भएको खड्गभवानी गुठी व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण घिमिरेले बताउनुभयो। खड्ग भवानीकोत परिसरबाट धौलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे, गुर्जा, चुरेन लगायतका १५ वटाभन्दा बढी हिमाल, धौलागिरि र गण्डकी क्षेत्रका ३३ भन्दा बढी गाउँहरु, सूर्योदय, ग्रामीण जनजीवन, धार्मिकस्थल गलेश्वर, पञ्चकोट, म्याग्दीको सदरमुकाम बेनी, पर्वतको कुश्मा म्याग्दी नदी र कालीगण्डकीको नागबेलीसहित प्राकृतिक सम्पदाको दृश्यावलोकन गर्न सकिन्छ।

खड्ग भवानीकोतस्थललाई राजधानी बनाई विसं १२४६ देखि १५४५ सम्म थापाहरु र त्यसपछि मल्ल राजाले ज्यामरुककोतमा राज्य गरेका थिए । यस कोतमा ५७४ वर्ष पुरानो अभिलेख, हतियार र पुरातात्विक महत्वका सामग्री रहेका छन्।

# रत्नेचौरमा विकासको लहर

रासस
म्याग्दी, २० फागुन

म्याग्दीको बेनी नगरपालिका-१ रत्नेचौरका स्थानीय बासिन्दा विकासको उज्यालोबाट आफ्नो गाउँलाई उजिल्याउने र गाउँकै प्रकृति, स्रोतसाधन तथा भूगोललाई व्यवस्थित र सदुपयोग गरी गाउँको पहिचान बढाउने काममा जुटेका छन्।

केही समययता सामाजिक सञ्जालमा 'भाइरल गाउँ' बनेको रत्नेचौर अहिले आन्तरिक पर्यटकको प्रमुख गन्तव्यस्थल बनेको छ। रत्नेचौर गाउँका बारेमा नेपाली काग्रेसका महामन्त्री विश्वप्रकाश शर्मालगायतका केन्द्रीय नेताहरुलेसमेत चासो देखाउन थालेपछि यो गाउँको पहिचान भन् फराकिलो बन्दै गएको र यसको गरिमालाई उजिल्याउन पर्यटन विस्तारका योजनाबद्ध काम सुरु भएका रत्नेचौरको विकासमा सक्रिय युवा तथा भानु माध्यमिक विद्यालयका प्रधानाध्यापक भरत खत्रीले बताउनुभयो । उत्तरतर्फ चाँदी भैँ टल्किएका धवलागिरि, नीलगिरि, अन्नपूर्णलगायतका हिमशृङ्खला, तोरी र गहुँ भुलेर अत्यन्त आकर्षक देखिएको समथर फाँट, बेनी-बागलुङ सडकको बायाँतर्फ विशाल खेलमैदान त्यसैपनि रमाइलो रत्नेचौरको रौनक समथर खेतको फाँटको बीचभागबाट बनेको सडक कालोपत्र भएपछि भन् बढेको छ। म्याग्दीको बेनी नगरपालिका-१ रत्नेचौरदेखि अर्जम, भकुण्डे हुँदै भकिम्ली जोड्ने सडकको रत्नेचौर-अर्जम खण्डको एक हजार ३०० मिटर सडक कालोपत्र गरिएपछि रत्नेचौरको रौनक बढेको हो। समथर फाँटमा भुलेको धान, फाँटका बीचमा चिटिक्कको कालोपत्र सडक र पृष्ठभूमिमा धवलागिरि, नीलगिरिलगायतका हिमशृङ्खलालाई पृष्ठभूमिमा पारेर तस्वीर खिचाउन, टिकटक बनाउन र रमाउन यहाँ दैनिक सयौँको सङ्ख्यामा युवायुवती आउन थालेपछि अहिले रत्नेचौर गाउँ बेफुर्सदिलो बनेको छ।

बेनी नगरपालिकाका तीन वडालाई समेटिएको यस सडकखण्डको जिरो किलोमिटर रत्नेचौरदेखि सडक कालोपत्र सुरु भएको हो। सडक डिभिजन कार्यालय बागलुङमार्फत यस वर्ष एक हजार ३०० मिटर सडक कालोपत्र गर्ने योजनाअनुसार एक हजार ३०० मिटर सडक कालोपत्र गरिएको बेनी नगरपालिका-२ रत्नेचौरका वडाध्यक्ष टेकबहादुर रावलले बताउनुभयो। उहाँका अनुसार, कालोपत्रसँगै अर्जमदेखि भकुण्डेसम्मको सडकलाई समेत फराकिलो बनाउने, नाली निर्माण गर्ने, ढलान गर्नेलगायतका स्तरोन्नतिका काम भएका छन् । सडक नालीसहित ८ दशमलव २० मिटर फराकिलो बनेको छ। सडक डिभिजनमार्फत सडक कालोपत्र गर्न रु भएक करोड ३७ लाख र सडक स्तरोन्नति गर्न रु एक करोड १२ लाख ७६ हजारमा सडक कालोपत्र र स्तरोन्नतिको काम भएको उहाँले बताउनुभयो।

सडक फराकिलो बनाउने, ह्युमपाइप राख्ने, ग्राभेल गर्ने, मेसिनरी पर्खाल लगाउने र ढलानसमेत गरी स्तरोन्नतिलगायतका काम सम्पन्न भइसकेका र आगामी वर्ष अर्जमसम्म कालोपत्र गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो। सडकको ट्र्याक निर्माण भएको करिब दुई दशकपछि ग्रामीण सडक कालोपत्र आयोजना सञ्चालन भएपछि स्थानीयवासी उत्साहित बनेको स्थानीय अमरबहादुर बोगटीले बताउनुभयो । "गाउँकै नेता प्रतिनिधिसभा सदस्य हुनुहुन्छ, उहाँकै पहलमा ग्रामीण सडक कालोपत्र हुन थालेको छ, यहाँबाट सुरु भएको कालोपत्र अर्जम, ज्यामरुकोट, भकुण्डे हुँदै ज्यामरुकोटसम्म पुगेमा तीन वडाका हजारौँ नागरिक प्रत्यक्ष लाभान्वित हुन्छन्", उहाँले भन्नुभयो।

कच्ची सडकका कारण नियमित सवारी साधन सञ्चालन नहुने, हिउँदमा धुलो र बर्खायाममा हिलोको सास्ती बेहोर्दै आएकामा सडक कालोपत्र सुरु भएपछि स्थानीयवासीमा खुसियाली छाएको छ । प्रतिनिधिसभा सदस्य भूपेन्द्रबहादुर थापाका अनुसार, रत्नेचौर-भकुण्डे हुँदै भकिम्ली जोड्ने १८ किलोमिटर सडकको डिपिआर नै तयार पारेर बहुवर्षीय आयोजना सञ्चालन भएको हो । आगामी वर्षसमेत बजेट विनियोजन गरी कालोपत्रसहितको स्तरीय सडक निर्माणका लागि पहल गरिनेछ। रत्नेचौरवासी गाउँको विकासमा एकजुट भएका छन्। कृषिमार्फत पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले यहाँका बासिन्दाले पश्चिमबाट पूर्वतर्फ लमतन्न फैलिएको समथरफाँटलाई आर्ग्यानिक कृषिफाँट बनाउने पहल सुरु गरेका छन् । गाउँको फाँटमा रैथाने जातको खेती गर्ने, होटल, रेष्टुरेन्ट र होमस्टे (घरबास)को विस्तार गर्ने, दूध, ताजा तरकारी र फलफूलका लागि हरेक घरमा करेसाबारी र पशुपालन गर्नेलगायतका कामको सुरुवात भइसकेको अगुवा युवा खत्रीले बताउनुभयो। त्यसैगरी ढोडेनी खोलामा निर्माण हुँदै गरेको रत्नेचौर-कुडुले जोड्ने झोलुङ्गे पुल पनि रत्नेचौरको विकासका लागि थप कोसेढुङ्गा बनेको छ। समथर फाँटमा पहेँलै फुलेको तोरी, खेतको फाँटमा पक्की सडक र उत्तरतर्फ देखिने सेताम्मै हिमालका कारण भाइरल बनेको म्याग्दीको बेनी नगरपालिका-१, रत्नेचौरमा पर्यटकलाई थप आकर्षित गर्नका लागि धार्मिक महोत्सव हुने भएको छ।

धार्मिक तथा पर्यटकीय दृष्टिकोणले प्रचुर सम्भावना रहेको रत्नेचौरमा अवस्थित श्रीलक्ष्मी हरि मन्दिरमा आगामी फागुन २३ देखि ३० गतेसम्म महोत्सवको आयोजना गरिएको छ। रत्नेचौरमा रहेको श्री लक्ष्मीहरि भगवान्को २५औँ श्रीब्रह्मोत्सव श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ एवं पुज्यपाद संस्थापकचार्य श्री जीयर स्वामीजी महाराजको नाक्षत्र शताब्दी महोत्सवका रुपमा आयोजना गरिएको मन्दिरका अध्यक्ष एवं मूल आयोजक समितिका संयोजक नेत्रबहादुर महतले बताउनुभयो।

"अपार पर्यटकीय सम्भावना रहेको रत्नेचौर धार्मिक दृष्टिकोणले पनि धेरै महत्वपूर्ण छ, धार्मिक गन्तव्य बनाउन स्थानीय समुदाय निरन्तर सक्रिय छौँ", उहाँले भन्नुभयो । महाज्ञयका अवसरमा विभिन्न जिल्लामा रहेका धार्मिकस्थलबाट समेत भक्तजनको आगमन हुने जनाइएको छ । धार्मिक महोत्सवका प्रचारप्रसार तथा आवश्यक तयारीका लागि १५१ सदस्यीय समितिसमेत बनाइएको स्थानीय युवा विक्रम बोगटीले जानकारी दिनुभयो।

महोत्सवमा छिमेकी जिल्लाका साथै विभिन्न क्षेत्रमा रहेका धार्मिक सङ्घसंस्थालाई समेत सहभागिताका लागि अनुरोध गरिएको छ । यस अगाडिसमेत विभिन्न समयमा आयोजित महायज्ञबाट मन्दिरको भौतिक संरचना निर्माणसहितका गतिविधिमा खर्च गरिएको थियो । पछिल्लो समय रत्नेचौर तोरीबारीका कारण व्यापक चर्चामा रहेको छ।

# पल शाह प्रकरणमा पक्ष र विपक्षमा प्रदर्शन नगर्न आयोगको आग्रह

रासस
काठमाडौँ, २० फागुन

राष्ट्रिय मानवअधिकार आयोगले पल शाह प्रकरणमा पक्ष र विपक्षमा प्रदर्शन गर्ने, अभिव्यक्ति दिने र प्रचारबाजी गर्ने काम नगर्न आग्रह गरेको छ।

अनुसन्धान प्रक्रिया चलिरहेको बेला यस प्रकारका गतिविधिले आरोपित र पीडित दुवै पक्षको गोपनीयता र मर्यादामा आँच पुग्नुका साथै अनुसन्धान प्रक्रिया समेत प्रभावित हुनसक्ने आयोगले जनाएको छ । "गम्भीर प्रकृतिको अपराधको अनुसन्धान फौजदारी न्यायको सिद्धान्त अनुसार गोप्य, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा हुनुपर्दछ", आयोगका सहायक प्रवक्ता लोकनाथ वास्तोलाद्वारा आज जारी विज्ञप्तिमा भनिएको छ, "गम्भीर प्रकृतिको फौजदारी अपराधको अनुसन्धान प्रक्रियालाई प्रभावित पार्ने गरी पक्ष र विपक्षमा समाचार सम्प्रेषण नगर्न, सम्बन्धित व्यक्तिको अनुमति विना भिडियोहरु रेकर्ड नगर्न, रेकर्ड गरिएका भिडियोहरु सार्वजनिक नगर्न र अतिप्रचारका कारण प्रमाणहरु नष्ट हुनेतर्फ विचार पुऱ्याउनु पर्दछ।" गम्भीर प्रकृतिको अपराधको अनुसन्धान फौजदारीन्यायकोसिद्धान्तअनुसार गोप्य, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा हुनुपर्ने र अधिकार प्राप्त निकायबाट अनुसन्धान प्रक्रिया चलिरहँदा आरोपका पक्ष र विपक्षमा प्रदर्शन गर्ने, अभिव्यक्ति दिने र प्रचारबाजी गर्नाले आरोपित र पीडित दुवै पक्षको गोपनीयता र मर्यादामा आँच पुग्नुका साथै अनुसन्धान प्रक्रिया समेत प्रभावित हुने सम्भावना भएको आयोगले जनाएको छ । यस सम्बन्धमा आयोगले अनुगमन तथा सूचना सङ्कलन गरिरहेको जनाएको छ।

यस प्रकारका गतिविधिले नेपालको संविधानको धारा २८ को गोपनीयताको हक र धारा २० मा उल्लेखित न्यायसम्बन्धी हक, मुलुकी फौजदारी संहिताको दफा २९८, मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १२ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा १७ मा व्यवस्था भएको गोपनीयताको अधिकारसमेत प्रभावित भएको देखिन्छ।


## शिक्षक आवश्यकता

पोखरा महानगरपालिका २०, मौजा, कास्की स्थित श्री हिमालय मा.वि. मा तपसिल बमोजिमको शिक्षक पद रिक्त भई नियुक्ति गर्नुपर्ने भएकोले योग्य उम्मेदवारहरूले दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**
पद : करार शिक्षक
विषय : नेपाली
शैक्षिक योग्यता : मूल विषय नेपाली लिइ बी.एड. वा सो सरह (माथिल्लो योग्यतालाई प्राथमिकता दिइने छ।)
तह र श्रेणी : मा.वि. तृतीय    पद सङ्ख्या : १ जना
उमेर : १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको
छनोट प्रक्रिया : लिखित र अन्तरवार्ता
दरखास्त बुझाउने अन्तिम मिति : २०७८/१२/०५ गते दिउँसो ४:०० बजेसम्म
पाठ्यक्रम : शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम
आवेदन शुल्क : रु. १०००/- (अक्षरुपी एक हजार रुपैयाँ मात्र)
तलब भत्ता : नेपाल सरकारको प्रचलित स्केल बमोजिम
दरखास्त बुझाउने स्थान : विद्यालय
आवेदन साथ पेश गर्नुपर्ने कागजात : निवेदन सहित शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र
सम्पर्क मिति : २०७८/१२/०५ गते दिउँसो ४:०० बजेपछि
परीक्षा कार्यक्रम सम्पर्क मितिमा तोकिने छ।
सम्पर्क नं. : ९८०६७४२४९८, ९८४६०५४१५१

**श्री हिमालय मा.वि.**
**पोखरा- २०, मौजा, कास्की**